# टायल मार्बल फिटर

*छोटो अवधिको*

## पाठ्यक्रम

(दक्षतामा आधारित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पाठ्यक्रम विकास महाशाखा

सानोठिमी, भक्तपुर

पहिलो परिमार्जन, २०६५

दोस्रो परिमार्जन, २०७२

# विषय सूची


| | |
|---|---|
| परिचय | 3 |
| लक्ष्य | 3 |
| उद्देश्य | 3 |
| पाठ्यक्रमको विवरण | 3 |
| अवधि | 3 |
| लक्षित समूह | 3 |
| लक्षित स्थान | 3 |
| समूहको आकार | 3 |
| प्रशिक्षणको माध्यम | 3 |
| हाजिरी ढाँचा | 3 |
| पाठ्यक्रमको केन्द्रबिन्दु | 3 |
| प्रवेशको आधार | 4 |
| प्रशिक्षण माध्यम र सामग्रीहरु | 4 |
| प्रशिक्षण सिकाइ विधिहरु | 4 |
| अनुगमनको प्राबधान | 4 |
| प्रशिक्षार्थी मूल्यांकन विवरण : | 4 |
| प्रशिक्षकको योग्यता (न्यूनतम) | 5 |
| प्रशिक्षण/प्रशिक्षार्थी अनुपात | 5 |
| प्रशिक्षकका लागि सुझाव | 5 |
| सीप तालिमका लागि सुझाब | 6 |
| सीप परीक्षणको प्रावधान | 6 |
| प्रमाणपत्रको व्यवस्था | 6 |
| पाठ्यक्रमको संरचना (टायल तथा मार्बल फिटर) | 7 |
| बिस्तृत पाठ्यक्रम | 8 |
| मोड्युल १ : परिचय | 8 |
| मोड्युलः २ः ब्याबहारिक गणित | 9 |
| मोड्युल ३ : टायल जडान | 10 |
| मोड्युल ४ : मार्बल जडान | 22 |
| मोड्युल ५ः टेर्राजो/मोजाइक फ्लोरिङ्ग | 31 |
| सब मोड्युल ६ : संचार र व्याबसायिकता बिकास | 37 |
| सब मोड्युलः७ः उद्यमशिलता विकास | 38 |
| मोड्युल ८ : कार्यगत अवलोकन (Field Visit) | 40 |
| सामान्य गुणस्तर सूचक (General Quality Indicator) | 42 |
| भौतिक सुविधाहरू | 46 |

## परिचय
यो पाठ्यक्रम टायल मार्बल फिटर पेशाको लागि आवश्यक ज्ञान र सीपयुक्त कार्यकर्ता तयार गर्नका लागि निर्माण गरिएको हो । यसमा दक्षतामा आधारित तथा रोजगारको लागि आवश्यक सीपहरु समावेश गरिएका छन् ।

## लक्ष्य
देश विदेशमा रोजगार प्राप्त गर्न सक्ने टायल मार्बल फिटर उत्पादन गर्नु यस पाठ्यक्रमको लक्ष्य हो ।

## उद्देश्य
तालिम समाप्तभएपछि प्रशिक्षार्थीहरू देहायका काम गर्न सक्षम हुनेछन्:

१. टायल तथा मार्बल जडान गर्न,
२. टेर्राजो/मोजाइक फ्लोरिङ्ग गर्न,
३. स्वरोजगार तथा रोजगार प्राप्त गर्न ।

## पाठ्यकमको विवरण
यो पाठ्चक्रम टायल तथा मार्बल फिटरले संपादन गर्नुपर्ने काममा आधारित छ । यसमा टायल तथा मार्बल फिटिङ्गका लागि आवश्यक पर्ने विभिन्न किसिमका टायलको पहिचान, टायलका विभिन्न ढांचा र नमूना, टायल तथा मार्बल फिटिङ्गका लागि आवश्यक पर्ने सिमेण्ट बालुवाको मसला र लेदो तयार पार्न, स्नान कक्ष, भान्सा कोठा, पेसेज, र भऱ्याङ्गमा लगाइने चिल्ला र नचिप्लिने टायल र पि.भि.सि. टायल बिछ्याउन आवश्यक हिसाब गर्नेकार्य संग सम्बन्धी ज्ञान र सीपहरु समाबेश गरिएका छन् । यसका साथै मार्बल र टेराजो भूँईको लागि घोट्न, मोड्न र पालिस गर्ने कामका लागि आवश्यक ज्ञान र सीपहरु समाबेश गरिएका छन् । यसमा व्यावहारिक गणित, पेशागत स्वास्थ्य तथा सुरक्षा, र उद्यमशीलता विकाससँग सम्बन्धित ज्ञान र सीपहरु समेत समावेश गरिएका छन् ।

## अवधि
३९० घण्टा ।

## लक्षित समूह
कक्षा ५ उत्तीर्ण गरेका इच्छुक व्यक्तिहरू ।
गरीब, महिला, दलित, जनजाति, सुविधाबाट वञ्चित समूह, द्वन्द्व पिडित समूहहरूलाई प्राथमिकता

## लक्षित स्थान
यस तालिम कार्यक्रमको लक्षित स्थान नेपाल भर हुनेछ ।

## समूहको आकार
बढीमा २० जना

## प्रशिक्षणको माध्यम
नेपाली वा अंग्रेजी वा दुबै

## हाजिरी ढाँचा
न्यूनतम ९०%

## पाठचक्रमको केन्द्रबिन्दु
यस पाठचक्रमले सक्षमतायुक्त क्रियाकलापमा जोड दिएको छ । ८०% समय प्रयोगात्मक क्रियाकलाप र बाँकी २०% समय सम्बन्धित प्राविधिक ज्ञानलाई छुटचाइएको छ ।

### प्रवेशको आधार

- न्यूनतम कक्षा ५ उत्तीर्ण गरेको
- कम्तीमा १५ वर्ष पूरा भएको
- शारीरिक तथा मानसिक स्वस्थ्य
- प्रवेश परीक्षा उत्तीर्ण गरेको

### प्रशिक्षण माध्यम र सामग्रीहरु

यो कोर्सको प्रभावकारी प्रशिक्षणका लागि तलका मिडिया र सामग्रीहरु आवश्यक छन् :

- छापेका मिडियाका सामाग्री ( अभ्यास कार्य पाना, केस स्टडी, हातेपत्र, सूचना पत्रहरु, व्यक्तिकेन्द्रिंत तालिम प्याकेज, कार्यविधि पानाहरु, कार्य संपादन रुजुसूची, पाठ्यक्रम आदि)
- नन्प्रोजेक्टेड मिडिया सामाग्रीहरु - डिस्प्ले , नमुनाहरु, पोष्टर (पर्चा), लेख्नका लागि पाटी, आदि)
- प्रोजेक्टेड मेडिया सामाग्रीहरु (पारदर्शी) प्रक्षेपणहरु, ओभरहेड ट्रान्सपारेन्सीहरु, स्लाइड आदि )
- श्रव्य दृश्य सामाग्रीहरु (श्रव्य टेप, फिल्महरु स्लाइड-टेप कार्यक्रम, भिडियो डिस्क, भिडियो टेप, आदि )
- कम्प्युर आधारित सामाग्रीहरु - कम्प्युटर आधारित तालिम, आन्तक्रियात्मक भिडियो, आदि)

### प्रशिक्षण सिकाइ विधिहरु

यो कार्यक्रमको प्रशिक्षण गर्दा विभिन्न विधिहरुको उपयोग गर्नुपर्ने छ । यिनमा उदाहरणयुक्त व्याख्यान, समूह छलफल,प्रदर्शन,अनुकरण, निर्देशित अभ्यास, प्रयोगात्मक अभ्यास, फिल्ड कार्य र अन्य स्वतन्त्र सिकाइ पर्दछन् ।

- सैद्धान्तिक : व्याख्यान, छलफल, कार्यादेश, समूह छलफल
- प्रयोगात्मक : प्रर्दशन, अवलोकन, निर्देशित अभ्यास, र स्व-अभ्यास अनुगमनको प्रावधान

### अनुगमनको प्राबधान

- प्रथम अनुगमनः कार्यक्रम समापन पछिको ६ महिनापछि
- द्धितीय अनुगमनः प्रथम अनुगमनको ६ महिनापछि
- अनुगमन चक्र : द्धितीय अनुगमनपछि पाँच बर्षसम्म एक/एक वर्षको चक्रमा

### प्रशिक्षार्थी मूल्यांकन विवरण :

- कोर्षको प्रत्येक क्षेत्रका प्रत्येक सीपमा दक्षता सुनिश्चित गर्न संबन्धित प्रशिक्षकद्वारा प्रशिक्षार्थिहरुको कार्यसंपादनको निरन्तर मूल्यांकन
- प्रशिक्षणको चरणमा प्रशिक्षणको प्रकृतिअनुसार प्रशिक्षकद्वारा लिखित वा मौखिक जाँच लिएर प्रशिक्षार्थीको संबन्धित विषयवस्तुको ज्ञानको मूल्यांकन पूरा कोर्षको लागि ३ वटा आन्तरिक र एउटा अन्तिम मूल्यांकन गरिनेछ ।
- प्रशिक्षार्थीको आन्तरिक र बाह्य ज्ञानको जाँच हुनेछ ।

● संबन्धित प्रशिक्षण संस्थाले नै प्रवेश परिक्षा लिनेछ ।

**प्रशिक्षकको योग्यता (न्यूनतम)**

● सम्वन्धित बिषयमा टि.एस.एल.सी. उत्तीर्ण गरि कम्तिमा १ बर्षको कार्य अनुभब भएको वा सीप परिक्षण तह २ उर्तिण भई ३ बर्षको कार्य अनुभब

● सञ्चार तथा प्रशिक्षणमा राम्रो सीप हासिल गरेको

**प्रशिक्षण/प्रशिक्षार्थी अनुपात**

● सैद्धान्तिक कक्षामा १ (प्रशिक्षक) : २० प्रशिक्षार्थी

● प्रयोगात्मक कक्षाहरुमा (कार्यशाला र प्रयोगशाला) १ - प्रशिक्षक) : १० प्रशिक्षार्थी

**प्रशिक्षकका लागि सुझाव**

१ उद्देश्य चयन गर्नुहोस् ।

● संज्ञानात्मक क्षेत्रका उद्देश्य लेख्नुहोस्

● मनोकार्यात्मक क्षेत्रका उद्देश्य लेख्नुहोस्

● भावात्मक क्षेत्रका उद्देश्य लेख्नुहोस्

२. विषयवस्तु चयन गर्नुहोस्

● विस्तृत तवरले विषयवस्तुको अध्ययन गर्नुहोस् ।

● संज्ञानात्मक क्षेत्रसँग संबन्धित विषयवस्तु चयन गर्नुहोस् ।

● मनोकार्यात्मक क्षेत्रसँग संबन्धित विषयवस्तु चयन गर्नुहोस् ।

● भावनात्मक क्षेत्रसँग संबन्धित विषयवस्तु चयन गर्नुहोस् ।

३ प्रशिक्षणात्मक विधिहरु चयन गर्नुहोस् ।

● प्रशिक्षक केन्द्रित विधि : व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर, समान्यीकरण (इन्डक्सन) तथा विशिष्टिकरण (डिडक्सन) विधि

● विद्यार्थी उन्मुख विधि जस्तै प्रयोगात्मक, फिल्ड ट्रीप/भ्रमण, आविष्कार, अनुसन्धान, समस्या समाधान, सर्वेक्षण

● अन्तर्क्रियात्मक विधि जस्तै : छलफल, समूह/ टोली प्रशिक्षण, लघु -शिक्षण र प्रर्दशनी ।

● नाटक विधि जस्तै रोल प्ले ( भूमिका निर्वाह) र नाटकीकरण

४. पाठयोजनाको उद्देश्य र ज्ञान अभिवृद्धि ज्ञानका आधारमा प्रशिक्षणात्मक विधि चयन गर्नुहोस् ।

५. उपयुक्त शैक्षिक सामाग्रीहरु चयन गरी उपयुक्त समय र स्थानमा उपयोग गर्नुहोस् ।

६. संज्ञान, अभिवृद्धि र सीप क्षेत्रसँग मिलाइ प्रशिक्षार्थीको मूल्यांकन गर्नुहोस् ।

७. कक्षाकोठा/फिल्डको कार्य/कार्यशालाको संगठन/व्यवस्थापनका लागि योजना गर्नुहोस् ।

८. उद्देश्य, विषयवस्तु र प्रशिक्षणात्मक विधिहरुको संयोजन गर्नुहोस् ।

९. सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरुको पाठयोजना तयार गर्नुहोस् ।

१०. प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुहोस् ।

११. प्रशिक्षण/कार्यक्रमको मूल्यांकन गर्नुहोस् ।

**प्रशिक्षार्थीहरुको मूल्यांकनका लागि विशेष सुझावहरु**

१ कार्यविश्लेषण गर्नुहोस् ।

२ विस्तृत कार्यसंपादन रुजुसूची तयार गर्नुहोस् ।

३ कार्यसंपादन रुजुसूचीको प्रयोग गरी प्रशिक्षार्थीहरुको निरन्तर मूल्यांकन गर्नुहोस् ।

## सीप तालिमका लागि सुझाब

१ सामान्य गतिमा सीप संपादन प्रदर्शन गर्नुहोस् ।

२ प्रश्नोत्तर विधि अपनाई सीप संपादनको क्रममा हरेक खुड्किला (कतभउ) को मौखिक व्याख्या गरी विस्तारै प्रदर्शन गर्नुहोस् ।

३ प्रशिक्षार्थीहरुको स्पष्टताका लागि दोहोऱ्याउनुहोस् ।

४ सीप/कार्यको द्रुत प्रदर्शन गर्नुहोस् ।

**अन्य सुझाबहरु**

१ निर्देशित अभ्यासका लागि प्रशिक्षार्थीहरुलाई अवसर दिनुहोस्।

२ प्रदर्शित सीप संपादनका लागि वातावरण सिर्जना गर्नुहोस् ।

३ कार्य /सीपको प्रत्येक खुड्किलामा प्रशिक्षार्थीहरुलाई मार्ग निर्देश गर्नुहोस् ।

४ दिइएको सीप/कार्यमा दक्षता हासिल गर्न आवश्यकतानुसार प्रशिक्षार्थीहरुलाई दोहोऱ्याइ तेहेऱ्याइ अभ्यास गर्न लगाउनुहोस् ।

५ एउटा सीप प्रदर्शनमा दक्षता देखाएपछि मात्र अर्को सीपमा लैजानुहोस् ।

## सीप परीक्षणको प्रावधान

यो तालीम कार्यक्रम सफलतापूर्वक संपन्न गर्ने व्यक्ति राष्ट्रिय सीप परिक्षण समितिबाट संचालन गरिने तह-१ को सीप परिक्षणमा सहभागी हुन सक्नेछन् ।

**प्रमाणपत्रको व्यवस्था**

सम्बन्धित प्रशिक्षण दिने संस्थाले यस पाठचक्रमले तोकेको सबै आवश्यकताहरू सफलतापूर्वक पूरा गर्ने ती सबै प्रशिक्षार्थीहरूलाई **"टायल मार्बल फिटर"** को प्रमाणपत्र प्रदान गर्नेछ ।

## पाठ्यक्रमको संरचना (टायल तथा मार्बल फिटर)

| सि.नं. | मोड्युल | प्रकृति | समय (घण्टा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | |
| १ | परिचय | सै.+ प्र. | १५ | ५ | २० | |
| २ | व्याबहारिक गणित | सै.+ प्र. | २ | ८ | १० | |
| ३ | टायल जडान | सै.+ प्र. | १६ | १३४ | १५० | |
| ४ | मार्बल जडान | सै.+ प्र. | १० | ९० | १०० | |
| ५ | टेर्राजो/मोजाइक फ्लोरिङ्ग | सै.+ प्र. | ७ | ३३ | ४० | |
| ६ | संचार र व्यावसायिकता बिकास | सै+ प्र. | २ | ८ | १० | |
| ७ | उद्यमशीलता बिकास | सै.+ प्र. | १८ | २२ | ४० | |
| ८. | कार्यगत अवलोकन (फिल्ड भिजिट) | प्र. | | २० | २० | |
| | **जम्मा** | **सै.+ प्र.** | **७०** | **३२०** | **३९०** | |

सै= सैद्धान्तिक/प्र.= प्रयोगात्मक

# बिस्तृत पाठ्यक्रम
## मोड्युल १ : परिचय

| *समय : १५ घण्टा (सै) + ५ घण्टा (ब्या) = २० घण्टा* |
|---|

**बर्णन** (**Description**) : यसमा टायल मार्बल फिटर पेशागत सुरक्षा सावधानी, औजार, उपकरण र सामग्रीसंग सम्बन्धित ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्देश्यहरु (Objectives) :**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन् ।

- पेशाको परिचय दिन ।
- सुरक्षा, सावधानीका उपायहरु अपनाउन ।
- मेशिन, औजार, उपकरण र सामग्रीको सूची तयार गर्न ।

**पाठ्यांश (Contents) :**

१. पेशाको परिचय
   - टायल मार्वलको परिचय, प्रकार

२. औजार, उपकरण र सामाग्री
   - परिचय र प्रयोग बिधि

३. पेशागत स्वास्थ्य र सुरक्षा
   - व्यावसायिक स्वास्थ र सुरक्षा
   - प्राथमिक उपचार
   - एच.आइ.भि./एड्स

## मोड्युलः २: ब्यावहारिक गणित

*समय : २ घण्टा (सै) + ८ घण्टा (व्या) = १० घण्टा*

**बर्णन (Description) :** यस मोडयूलमा सम्बन्धित पेशाको लागि आवश्यक आधारभूत गणित सम्बन्धी ज्ञान र सीपहरु समावेश गरिएका छन् ।

**उद्वेश्य (Objective) :**

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन् ।

- पेशासंग सम्बन्धित हिसाब गर्न ।

**पाठ्यांश (Contents) :**

- जोड
- घटाउ
- गुणन
- भाग
- नाप तथा एकाई
- क्षेत्रफल
- आयतन
- तौल
- प्रतिसत

## मोड्युल ३ : टायल जडान

*समय : १५ घण्टा (सै) + १३५ घण्टा (ब्या) = १५० घण्टा*

**बर्णन** (**Description**) : यस मोडचुलमा टायल जडान सँग सम्बन्धित ज्ञान र सीपहरु समाबेश गरिएका छन् ।

**उद्धेश्य (Objective)** :

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन् ।

- भबनका बिभिन्न स्थानहरुमा आबश्यकता अनुसार टायलहरू बिछ्चाउन ।

**निर्दिष्ट कार्य (Tasks)**

१. टायलको पहिचान गर्ने ।
२. टायलिङ्गको नमूना वा ढाँचा तयार गर्ने ।
३. औजार र उपकरणहरूको प्रयोग गर्ने ।
४. टायलको संख्या निकाल्ने ।
५. प्लास्टर गर्नको लागि सिमेन्ट मसला तयार गर्ने ।
६. टायल राख्ने स्थानमा प्लास्टर गर्ने ।
७. सिमेन्ट बालुवाको लेदो (पेष्ट) तयार गर्ने ।
८. बिभिन्न आकारमा टायलहरू काट्ने ।
९. भित्तामा टायल जडान गर्ने ।
१०. भुँईमा टायल जडान गर्ने ।
११. पि.भि.सि. (PVC) टायल जडान गर्ने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्य: १ टायलको पहिचान गर्ने ।

समय ५ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक ४ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. सेरामिक टायलहरूको पहिचान गर्ने ।<br>२. चम्किला टायलहरूको पहिचान गर्ने ।<br>३. नचिप्लिने टायलहरूको पहिचान गर्ने ।<br>४. पि.भि.सि. टायलहरूको पहिचान गर्ने ।<br>५. मोजाइक टायलहरूको पहिचान गर्ने ।<br>६. टायलको गुणस्तर पहचान गर्ने ।<br>७. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>● हचाण्डआउट, विभिन्न किसिमका टायलको नमूना<br>**निर्दिष्ट कार्य (के):**<br>● टायलको पहिचान गर्ने ।<br>**स्तर (कति राम्रो):**<br>● विभिन्न प्रकारका टायलहरूको पहिचान गरेको ।<br>● टायलको गुणस्तर पहिचान गरेको । | **टायलको पहिचान :**<br>● टायलको वर्गीकरण ।<br>● टायलको गुणस्तर पहिचान गर्ने तरिका । |

**औजार तथा उपकरण:** सेतो पाटि, मार्कर, डस्टर, विभिन्न प्रकारका टायल ।

**सुरक्षा तथा सावधानी:**

## कार्य विश्लेषण

निर्दिष्ट कार्यः २ टायलिङ्गको नमूना वा ढाँचा तयार गर्ने ।

समय ५ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक ४ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. भुइँ वा भित्तामा टायलिङ्ग गर्ने स्थानको पहिचान गर्ने ।<br>२. कस्तो ढाँचामा टायल लगाउने हो एकिन गर्ने ।<br>• ठाडो र तेर्सो जोडाई ।<br>• विपरीत ठाडो जोडाइ ।<br>• विपरीत तेर्सो जोडाइ ।<br>• हेर्ने ढाँचा ।<br>३. भुइँ वा भित्ताको बुट्टामा रङ्गिन नमूना तयार गर्ने ।<br>४. सेडसंग टायलिङ्गको बुट्टा तयार गर्ने<br>५. अभिलेख राख्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला, बुट्टाका नमुना चित्र, फोटो, सूची र नमूना टायल ।<br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>• टायलिङ्गका नमूना वा ढाँचा पहिचान गर्ने ।<br>**<u>स्तर (कति राम्रो):</u>**<br>• भुइँ र भित्ता टायलिङ्गको डिजाइन र नमूना तयार पारेको । | **<u>बुट्टा</u>**<br>• ग्लेज्ड टायल<br>• बुट्टा बनाइएको कन्ट्रास्ट टायल<br>• ठाडो र तेर्सो जडान<br>**<u>नमूना</u>**<br>• हेर्ने ढाँचा<br>• भुइँ वा भित्ताको बुट्टामा रङ्गिन नमूना<br>• सेडसंग टायलको बुट्टा |

**औजार तथा उपकरणः** सेतो पाटि, मार्कर, डस्टर विभिन्न प्रकारका टायल ।

**सुरक्षा तथा सावधानीः**

## कार्य विश्लेषण

निर्दिष्ट कार्यः ३ औजार र उपकरणहरूको प्रयोग गर्ने ।

समय ४ घण्टा
सैद्धान्तिक २ घण्टा
प्रयोगात्मक २ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. टायल लगाउन चाहिने उपकरणहरूको पहिचान/प्रयोग गर्ने ।<br>• स्टील रुलर (१ मिटर)<br>• नोल (स्ट्रेट एज)<br>• चक्का (फ्लोट)<br>• कर्नी<br>• लाइन एण्ड पिन (सुता धागो)<br>• स्वायर, बटमवज<br>• प (Paw)<br>• पाइप लेभल वा स्प्रिट लेभल<br>• मसलाको कराई (प्यान)<br>• साबेल<br>• बाज<br>• टायल कटर (हाते र बिद्युतीय)<br>• घण्टी (Plumb bob)<br>• ग्राइन्डर वा पोलिसर<br>३. प्रयोग गर्नुभन्दा अगाडि गरिने सुरक्षाका उपायहरूको व्याख्या गर्ने ।<br>४. परिचित उपकरण र औजार प्रयोग गर्ने ।<br>५. उपकरणहरूको सुरक्षा सम्बन्धि व्याख्या गर्ने ।<br>६. अभिलेख राख | **अवस्था (दिइएको):**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला ।<br>• कार्यशाला, टायल लगाउदा प्रयोग हुने औजार र उपकरण<br>**निर्दिष्ट कार्य (के):**<br>• औजार र उपकरणहरूको प्रयोग गर्ने ।<br>**स्तर (कति राम्रो):**<br>• टायल लगाउने उपकरण र औजारहरूको वर्णन, पहिचान र प्रयोग गर्न सक्षम भएको । | **औजार र उपकरण :**<br>• विभिन्न औजार तथा उपकरणहरूको परिचय<br>• विभिन्न औजार र उपकरणहरूको कार्य<br>• औजार र उपकरण चलाउने तरिका<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** बेल्चा, कर्नी, घण्टी, पाइप लेभल, स्प्रिट लेभल, काठको फ्लोट, धातुको फ्लोट, पम्ब रुल, हेड पान, बटाम, प्लास्टिक हामर, धागो, बाल्टी, जग, नाप्ने फिता,

**उपकरण**

कटर, कैंचि (क्लिपर),ग्राइन्डर, टल्काउने कपडा

**सुरक्षा तथा सावधानीः** उपकरण तथा औजारहरु सुरक्षितसंग चलाऊ ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्यः ४ टायलको संख्या निकाल्ने ।

समय ५ घण्टा
सैद्धान्तिक २ घण्टा
प्रयोगात्मक ३ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक उपकरण, औजार र सामानहरू जम्मा गर्ने ।<br>३. भुइँ वा भित्ता अनुसार टायलको आकार निर्धारण गर्ने ।<br>४. टायल लगाउने भुइँ/भित्ताको नाप लिने ।<br>५. नाप अनुसारको क्षेत्रफल निकाल्ने ।<br>६. क्षेत्रफलको आधारमा टायलको संख्या पत्ता लगाउने ।<br>७. अभिलेख राख्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• कक्षाकोठा, भित्ता, भुइँ, टायल र क्यालकुलेटर<br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>• टायलको संख्या निकाल्ने ।<br>**<u>स्तर (कति राम्रो):</u>**<br>• भित्ता र भुईको लागि हिसाब गरि टायलको परिमाण निकाल्न सक्षम भएको । | **<u>टायलको संख्या निकाल्न :</u>**<br>• मापन एकाइ<br>• बजारम उपलब्ध हुने टायलको आकार<br>• टायलको संख्या निकाल्ने सूत्र<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** कलम, पेन्सिल, कापी, टेप, क्याल्कुलेटर ।

**सुरक्षा तथा सावधानीः**

•

**कार्य विश्लेषण**

निर्दिष्ट कार्यः ५ प्लास्टर गर्नको लागि सिमेन्ट मसला तयार गर्ने ।

समय २ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक १ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक औजार तथा उपकरण र सामाग्रीहरू जम्मा गर्ने ।<br>३. बालुवा र सिमेन्टको मिश्रणको आयतनद्वारा गुणस्तरिय मापन एकाइको पहिचान गर्ने ।<br>४. सामान मिसाउनको लागि ठाँउ तयार गर्ने ।<br>५. कार्यको लागि बालुवा, पानी जाँच गर्ने ।<br>६. बालुवा चाल्ने ।<br>७. मापन बाकसमा बालुवा नाप लिने ।<br>८. तयार गरेको ठाँउमा बालुवा राख्ने ।<br>९. नाप अनुसार सिमेन्ट बालुवाको माथि राख्ने ।<br>१०. सिमेन्ट बालुवालाई रंग एकनाश हुनेगरी पल्टाएर मिसाउने ।<br>११. थोरै थोरै पानी राख्दै पल्टाउदै सिमेन्ट बालुवा मिक्स गर्ने ।<br>१२. अभिलेख राख्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• कार्यशाला, आवश्यक उपकरणहरू, औजार र सामग्रीहरू<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>• प्लास्टर गर्नको लागि सिमेन्ट मसला तयार गर्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>• आवश्यक गुणस्तर अनुसार सिमेन्ट बालुवाको मसला तयार गरेको । | **<u>प्लास्टर गर्ने तरिका :</u>**<br>• गुणस्तर बालुवाको प्रकृति<br>• गुणस्तर सिमेन्टको प्रकृति वा विशेषता<br>• आयतनको मापन<br>• बालुवा चाल्ने तरिका<br>• प्लास्टर गर्न सिमेन्ट र बालुवाको अनुपात सम्बन्धी ज्ञान<br>• मसला तयार प्रक्रिया<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** बेल्चा, कर्नी, घण्टी, पाइप लेभल, स्प्रिट लेभल, काठको फ्लोट, धातुको फ्लोट, पम्ब रुल, हेड पान, बटाम, प्लास्टिक हामर, धागो, बाल्टी, जग, नाप्ने फिता ।

**सुरक्षा तथा सावधानीः** सिमेन्ट बालुवा मसला बनाउदा पन्जा र गमबुट लगाउनु पर्दछ ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्य: ६ टायल राख्ने स्थानमा प्लास्टर गर्ने ।

समय २४ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक २३ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक उपकरण, औजार र सामानहरू जम्मा गर्ने ।<br>३. सामान राख्ने ठाउँ तयार गर्ने ।<br>४. प्लास्टर गर्नको लागि सिमेन्ट मसला तयार गर्ने ।<br>५. भित्ता सफा गरी भिजाउने ।<br>६. टायल नलगाउने भाग तथा अन्य फिटिङ्गहरु प्लाष्टिकले ढाक्ने ।<br>७. टायल लगाउने भागमा प्लाष्टर गर्ने ।<br>८. घण्टी, लेभल र बटामको सहयोगले प्लास्टरको सतह जाँच्ने ।<br>९. प्लास्टर गरेको भित्तामा ज्यावलले खस्रो सतह बनाउने ।<br>१०. अभिलेख राख्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• आवश्यक उपकरणहरू र औजारहरू<br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>• टायल राख्ने स्थानमा प्लास्टर गर्ने ।<br>**<u>स्तर (कति राम्रो):</u>**<br>• आवश्यक अनुसार तयार गरेको सिमेन्ट मसलासंग खेस्रा प्लास्टरिङ्ग गरिएको<br>• प्लाष्टर घण्टीमा मिलेको<br>• प्लाष्टर लेबलिङ्गमा मिलेको | **<u>टायल राख्ने स्थानमा प्लास्टर :</u>**<br>• प्लाष्टर गर्ने विधि<br>• घण्टी, लेभलिङ्ग र बटामको कार्य प्रकृया<br>• लेबलिङ्ग चेक गर्ने तरिका<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरण:** बेल्चा, कर्नी, घण्टी, पाइप लेभल, स्प्रिट लेभल, काठको फ्लोट, धातुको फ्लोट, पम्ब रुल, हेड पान, बटाम, प्लास्टिक हामर, धागो, बाल्टी, जग, नाप्ने फिता ।

**सुरक्षा तथा सावधानी:** सिमेन्ट बालुवा मसला हातले नचलाउने ।
बिद्युतीय जडान तथा सेनिटरी फिटिङ्गको सुरक्षा गर्ने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्य: ७ सिमेन्ट बालुवाको लेदो (पेष्ट) तयार गर्ने ।

समय ५ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक ४ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक उपकरणहरू, औजार र सामानहरू जम्मा गर्ने ।<br>३. मसिनो जालिमा बालुवा चाल्ने ।<br>४. सिमेन्ट र छानेको बालुवा १:१ राखेर एकनास हुनेगरि मिसाउने ।<br>५. मिसाइएको सिमेन्ट र बालुवामा पानी राखेर पेष्ट तयार गर्ने ।<br>६. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>• आवश्यक सामाग्री सहितको कार्यशाला<br>• आवश्यक उपकरणहरू, औजारहरु र सामग्रीहरू<br>**निर्दिष्ट कार्य (के):**<br>• सिमेन्ट बालुवाको लेदो तयार गर्ने ।<br>**स्तर (कति राम्रो):**<br>• आवश्यक गुणस्तरमा सिमेन्ट र बालुवाको पेष्ट तयार गरेको । | **सिमेन्ट बालुवाको पेष्ट :**<br>• सिमेन्ट र बालुवाको ब्याचिङ्ग ।<br>• सुख्खा मिसाउने र भिजेको मिसाउने तरिका ।<br>• पेष्टको प्रयोग र तयार गर्ने तरिका<br>• सिमेन्ट र बालुवाको अनुपात । |

**औजार तथा उपकरण:** नाप्ने बाकस, बेल्चा, ज्यावल, बाल्टी, मिसाउने बोर्ड ।

**सुरक्षा तथा सावधानी:** ब्याचिङ्ग गर्दा सानो र घुलोबाट आँखा बचाउन सावधानी अपनाउने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्यः८ बिभिन्न आकारमा टायलहरू काट्ने ।

समय २४ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक २३ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने<br>२. टायलिङ्गको लागि आवश्यक पर्ने टायल छनौट गर्ने ।<br>३. टायलमा चिह्न लगाउने ।<br>४. कटरको ब्लेड काट्ने रेखाअनुसार मिलाउने ।<br>५. कटरमा पानीको लागि पाईप जडान गर्ने ।<br>६. कटरको स्विच अन गर्ने ।<br>७. बिस्तारै कटरको ब्लेड टायलमा राख्ने र काट्दै जाने ।<br>८. काटेको भागमा पानी हाल्ने र घुलो सफा गर्ने ।<br>९. आवश्यकता अनुसार टुक्राउने ।<br>१०. टुक्राएको टायलको छेउमा घोट्ने ।<br>११. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>● आवश्यक सामगीहरू सहितको कार्यशाला<br>● कार्यशाला, चाहिने उपकरण, औजार र सामग्रीहरू<br>**निर्दिष्ट कार्य (के):**<br>● बिभिन्न आकारमा टायलहरू काट्ने ।<br>**स्तर (कति राम्रो):**<br>● आवश्यक साईजमा टायल काटिएको, टुक्राइएको ।<br>● टायलको सतह र किनारा नबिग्रेको ।<br>● टायल सिधा कटिङ्ग भएको । | **टायल काट्ने कार्य :**<br>● टायलको आकार<br>● टायल काँट्ने, टुक्राउने कार्यविधि<br>● टायल काट्ने मेसिनको प्रयोग<br>● सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** टायल कटर, कैंचि(क्लिपर), ग्रइन्डर, टायल काट्नेलाई टलकाउन कपडा ।

**सुरक्षा तथा सावधानीः** बुट र चस्मा लगाउने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्यः९  भित्तामा टायल जडान गर्ने ।

समय  ३० घण्टा
सैद्धान्तिक  २ घण्टा
प्रयोगात्मक  २८ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक उपकरण, तथा सामानहरू जम्मा गर्ने<br>३. डिजाइन अनुसार ले आउट गर्ने ।<br>४. घण्टी लगाएर सतह जाँच्ने ।<br>५. ठाडो र तेर्सो लेभल जाँच्ने ।<br>६. दिएको ठाँउमा आवश्यक टायलको संख्या हिसाब गर्ने<br>७. सिमेन्ट बालुवाको पेष्ट बनाउने ।<br>८. टायल पानीमा भिजाउने ।<br>९. आवश्यकता अनुसार काटिएको टायल भित्तामा राखि जाँच्ने ।<br>१०. टायलको पछाडि सतहमा पेष्ट राखि निर्दिष्ठ स्थानमा जडान गर्ने ।<br>११. जडान गरेको टायललाई हलुकासँग ठोक्ने ।<br>१२. दुइवटा टायलको बिचमा २ एम एम भन्दा कम अन्तराल बनाउन गाइड पिस (किल्ला) राख्ने ।<br>१३. दुइवटा टायलको बिचमा सेतो सिमेन्ट भर्ने ।<br>१४. सेतो सिमेन्ट राखेको ठाउमा नरम कपडाले पुछ्ने । | **अवस्था (दिइएको):**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• ईटाको गाह्रो उपकरण, औजार र सामग्रीहरू<br>**निर्दिष्ट कार्य (के):**<br>• भित्तामा टायल जडान गर्ने<br>**स्तर (कति राम्रो):**<br>• ठाडो तथा तेर्सो लाईन लेवल मिलेको ।<br>• भित्तामा टासेको टायलमा औलाले हिर्काउदा आवाज आएको ।<br>• टायलमा सेतो सिमेन्ट तथा अन्य फोहर दाग नभएको ।<br>• टायल डिजाइन अनुसार लेबल तथा घण्टिमा भएको । | **भित्तामा टायल जडान :**<br>• क्षेत्रको नाप जाँच गर्ने तरिका<br>• ले आउट गर्ने तरिका<br>• रेखा र किल्ला प्रयोग गर्ने तरिका<br>• भित्ताको टायलको प्रकार<br>• सेतो सिमेन्ट प्रयोग बिधि<br>• टासेको टायलको आवाज बारे जानकारी<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** घेरा र किल्ला, नाप्ने फिता, गज् ब्लक, कर्नी, देखाउने कर्नी, रोलर टायल कटर, हामर, बिल्डर स्कुवार, स्प्रिट लेभल, मालेट
**सुरक्षा तथा सावधानीः** बुट र चस्मा लगाऊ, सेतो सिमेन्ट प्रयोग गदा पजां लगाउने ।

## कार्य विश्लेषण

समय  ३० घण्टा
सैद्धान्तिक  २ घण्टा
प्रयोगात्मक  २८ घण्टा

निर्दिष्ट कार्य: १० भुँईमा टायल जडान गर्ने ।

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन /कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक औजार, उपकरण र सामानहरू जम्मा गर्ने ।<br>३. बिछ्याइने टायलको क्षेत्रफल नाप लिने र टायलको संख्या हिसाब गरेर निकाल्ने ।<br>४. डिजाइन अनुसार ले आउट गर्ने ।<br>५. भिरालो सुरू हुने भूइँको उच्चबिन्दु निर्धारण गर्ने ।<br>६. सिमेन्ट र बालुवाको मसला बनाउने ।<br>७. आवश्यक स्लोपमा ढल्किएको वा भिरालो सतह दिने पृष्ठभूमि तयार गर्ने ।<br>८. बिछ्याउने टायल पानीमा भिजाउने ।<br>९. सिमेन्ट र बालुवाको पेष्ट तयार गर्ने ।<br>१०. बेश लाइनबाट टायल बिछ्याउने ।<br>११. टायलका पछाडिको भाग र पृष्ठभूमिमा मसलाको लेदो राखेर टायल बिछ्याउने ।<br>१२. बिछ्याइएको टायलको सतह र स्लोप मिलाउने ।<br>१३. सफा भिजेको कपडाले सुक्नु अगावै सबै लेदो पुछ्ने ।<br>१५. दुइवटा टायलको बिचमा सेतो सिमेन्ट/पुट्टि भर्ने<br>१६. पुट्टिङ्ग गरेको ठाउमा नरम कपडाले पुछ्ने ।<br>१७. सुरक्षाका उपायहरू अपनाउने ।<br>१८. अभिलेख राख्ने । | <u>अवस्था (दिइएको):</u><br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला ।<br>• टायल लगाएको गाह्रो र भूईँ खुड्किला, स्कुवारिङ, सकुलर, ट्रङगुलर क्षेत्र, आवश्यक उपकरण, औजार र सामग्रीहरू<br><u>निर्दिष्ट कार्य (के):</u><br>• भुँईमा टायल जडान गर्ने ।<br><u>स्तर (कति राम्रो):</u><br>• तेर्सो लाईन स्लोप लेवल मिलेको ।<br>• भुइमा टासेको टायलमा औंलाले हिर्काउदा आवाज आएको ।<br>• टायलमा फोहर तथा दाग नभएको । | <u>भुँईमा टायल जडान :</u><br>• टायलको परिचय र प्रयोग<br>• भुईको टायलको प्रकार<br>• भुईको र भित्ताका टायलमा फरक<br>• टायल राख्ने तरिका<br>• टायल राख्दा ध्यान दिनुपर्ने कुराहरु<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरण:** बेल्चा, कर्नी, घण्टी, पाइप लेभल, स्प्रिट लेभल, काठको फ्लोट, पम्ब रुल, हेड पान, बटाम, धागो, बाल्टी, जग, नाप्ने फिता ।

**सुरक्षा तथा सावधानी:** सुरक्षा गर्ने बुट र चस्मा लगाऊ ।

**कार्य विश्लेषण**

समय १६ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक १५घण्टा

निर्दिष्ट कार्यः ११ पि.भि.सि. (PVC) टायल जडान गर्ने ।

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक उपकरण, औजार र सामानहरू जम्मा गर्ने ।<br>३. डिजाइन अनुसार ले आउट गर्ने ।<br>४. पछाडिको भाग सफा गर्ने ।<br>५. दिएको ठाँउमा आवश्यक टायलको संख्या हिसाब गर्ने ।<br>६. पि.भि.सि. टायलको टाँस्ने वस्तु जाँच्ने ।<br>७. टायल टास्ने भुइँ सफा गर्ने ।<br>८. ब्रसको सहायताले टाँस्ने सामान (ग्लु) टायलको पछाडि दल्ने ।<br>९. सफा गरेको भुइँमा टाँस्ने सामान (ग्लु) लगाउने<br>१०. ग्लु लगाएको टायललाई ग्लु लगाएको सतहमा बिछ्याउने ।<br>११. टायल माथिबाट रोलर प्रयोग गरेर (थिचेर) हावा निकाल्ने ।<br>१२. टायललाई नरम कपडाले पुछ्ने । | <u>**अवस्था (दिइएको):**</u><br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• लेभल गरेको कन्क्रिटको भुइँ ।<br>• कार्यशाला,चाहिने उपकरण, औजार र सामग्रीहरू<br><u>**निर्दिष्ट कार्य (के):**</u><br>• पि.भि.सि. (PVC) टायल जडान गर्ने ।<br><u>**स्तर (कति राम्रो):**</u><br>• तेर्सो लाईन लेवल मिलेको ।<br>• भुइमा टाँसेको टायलमा औंलाले हिर्काउदा आवाज आएको ।<br>• टायलमा ग्लु तथा अन्य फोहर दाग नभएको । | <u>**पि.भि.सि. टायल जडानः**</u><br>• पि.भि.सि.टायलको परिचय र प्रयोग<br>• ग्लुको जानकारी<br>• टायल राख्ने तरिका<br>• टायल राख्न ध्यान दिनुपर्ने कुराहरु<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** ब्रस, कुचो, प्रेसिङ रोलर, हावा ब्लोवर, वायर ब्रस ।

**सुरक्षा तथा सावधानीः** पि भि सि टायलको कार्य गदा माक्स लगाउनु पर्दछ ।

**मोड्युल ४ : मार्बल जडान**

*समय : ९ घण्टा (सै) + ९० घण्टा (ब्या) = १०० घण्टा*

**बर्णन (Description)** : यो मोडचुलमा मार्बलको तयारी र विभिन्न किसिमका मार्बललाई ठाडो र तेर्सो सतहमा र सिँढीमा जडान गर्ने कार्यसँग सम्बन्धित ज्ञान र सीपहरु समाबेश गरिएका छन् ।छ

**उद्धेश्यहरु (Objectives)** :

यो मोड्युलको समापनपछि प्रशिक्षार्थीहरु निम्न कार्य गर्न समर्थ हुनेछन् ।

- मार्बल काट्ने ।
- ठाडो र तेर्सो ठाउँमा मार्बल बिछ्याउन ।
- मार्बल र टेर्राजो भुइँ काम गर्न ।
- मार्बल पिस्ने, मोल्डिङ र टल्काउने काम गर्न ।

**निर्दिष्ट कार्य (Tasks)**

१. मार्बल काट्ने ।
२. मार्बल राख्ने सतह तयार गर्ने ।
३. भुँईमा मार्बल बिछ्याउने ।
४. भित्तामा मार्बल बिछ्याउने ।
५. सिँढीमा मार्बल बिछ्याउने ।
६. मार्बलमा ग्रान्डिङ्ग गर्ने ।
७. मार्बलमा मोल्डिङ्ग गर्ने ।
८. मार्बलमा पोलिस गर्ने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्य: १ मार्बल काट्ने ।

समय २० घण्टा
सैद्धान्तिक २ घण्टा
प्रयोगात्मक १८ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने<br>२. आवश्यक उपकरण, औजार र सामाग्रीहरू तयार गर्ने ।<br>३. ले आउट अध्यन गर्ने र नाप जाच तयार गर्ने ।<br>४. मार्बलमा डइङ्ग अनुरुप चिन्न लगाउने ।<br>५. मार्बल जाँच गर्ने ।<br>६. मार्बलमा काट्ने ठाउँमा स्टिल स्केल राखेर सिक्लापले च्याप्ने ।<br>७. मार्बल कटरको लागि बिद्युतिय सामान तयार गर्ने ।<br>८. कटरमा पानीको आपूर्ति मिलाउने ।<br>९. काट्ने रेखामा कटरको ब्लेड मिलाउने ।<br>१०. कटरको स्विच अन गर्ने<br>११. बिस्तारै कटरको ब्लेडलाई मार्बल माथि राखेर काट्ने ।<br>१२. मार्बलमा मेशीनबाट पानी राख्ने<br>१३. मार्बल काटिने अवस्थामा मेशीनलाई विस्तारै लैजाने ।<br>१४. मार्बल काटिसके पछि सतह पानीले सफा गर्ने ।<br>१५. अभिलेख राख्ने । | **<u>अवस्था (दिइएको):</u>**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• कार्यशाला, औजारहरु र मार्बल<br><br>**<u>निर्दिष्ट कार्य (के):</u>**<br>• मार्बल काट्ने ।<br><br>**<u>स्तर (कति राम्रो):</u>**<br>• मार्बल काटेको सतह सिधा भएको ।<br>• मार्बलको सतहमा हिलो नलागेको ।<br>• मार्बल काटेको सतहको किनारा नबिग्रेको । | **<u>मार्बल काट्ने कार्य :</u>**<br>• मार्बलको परिचय, प्रकार र प्रयोग<br>• मार्बल पहिचान गर्ने तरिका ।<br>• मार्बल काट्ने औजार तथा उपकरणको परिचय, प्रयोग र काट्ने तरिका<br>• बिद्युत सम्बन्धी जानकारी<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरण:** मार्बल कटर, पिस्ने (ग्राइन्डर), कपडा,बाल्टी, पाइप लेभल, आइरन स्केल, सि क्लाम्प
**सुरक्षा तथा सावधानी:** । चस्मा लगाउने । रवरको जुत्ता लगाउने ।

**कार्य विश्लेषण**

निर्दिष्ट कार्यः २ मार्बल राख्ने सतह तयार गर्ने ।

समय ४ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक ३ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. मार्वल बिछ्याउने स्थान सफा गर्ने ।<br>३. मार्वल बिछ्याउने भुईहरुमा चिपिङ गर्ने ।<br>४. चिपिङ गरेको भुईहरु सफा गर्ने ।<br>५. सुरक्षाका उपायहरू अपनाउने<br>६. अभिलेख राख | **अवस्था (दिइएको):**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• कार्यशाला वा ठाँउ, मार्बल काटर, पिस्ने (ग्राइन्डर)<br>**निर्दिष्ट कार्य (के):**<br>• मार्बल राख्ने सतह तयार गर्ने ।<br>**स्तर (कति राम्रो):**<br>• मार्बल बिछ्याउने भुईहरुमा चिपिङ गरेको ।<br>• चिपिङ गरेको भुईहरु सफा गरेको । | **मार्बल राख्ने सतहको तयारी :**<br>• कार्यविधि<br>• सुरक्षाका उपायहरू |

**औजार तथा उपकरणः** नाप्ने फिता, तारको ब्रस, प (Paw), चुच्चो घन (चिपिङ्ग हम्मर)

**सुरक्षा तथा सावधानीः** चिपिङ गर्दा चश्मा लगाउने ।

**कार्य विश्लेषण**

निर्दिष्ट कार्यः ३ भुँईमा मार्बल बिछ्याउने ।

समय १७ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक १६ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
| १. निर्देशन/कार्यादेश प्राप्त गर्ने ।<br>२. आवश्यक औजार, उपकरण र सामानहरू तयार गर्ने ।<br>३. डिजाइन अनुसार ले आउट गर्ने ।<br>४. मार्बल बिछ्याउने सतह तयार गर्ने ।<br>५. साईज अनुसार मार्बल काट्ने ।<br>६. मार्बल बिछ्याउने सतहमा कोरा मसिनोले प्याच राखेर लेबल तयार गर्ने ।<br>७. सिमेन्ट र बालुवाको मसला तयार गर्ने ।<br>८. प्याच राखेर लेबल तयार गरेको ठाउमा मसला राखेर नोलले लेबल मिलाउने ।<br>९. मार्बल बिछ्याएर जाँच गर्ने ।<br>१०. मार्बलको पछाडि मसलाको पेष्ट राख्ने ।<br>११. पेष्ट लगाएको मार्बल मसला राखेको स्थानमा बिछ्याउने ।<br>१२. बिछ्याएको मार्बल माथि काठको मुग्राले हल्का सँग हिर्काउने ।<br>१३. दुईवटा मार्बलको जोड्मा पुट्टि हालेर कपडाले पुछ्ने ।<br>१४. अभिलेख राख्ने । | **अवस्था (दिइएको):**<br>• आवश्यक सामाग्रीहरू सहितको कार्यशाला<br>• कार्यशाला, मार्बल काटर, पिस्ने (ग्राइन्डर), काठको मुग्रो<br>**निर्दिष्ट कार्य (के):**<br>• भुँईमा मार्बल बिछ्याउने ।<br>**स्तर (कति राम्रो):**<br>• दिएको विवरण अनुसार मार्बल बिछ्याएको ।<br>• जोड्ाईमा सेतो सिमेन्ट लगाएको कुनै दाग नभएको ।<br>• मार्बल लगाएको सतहमा आवाज नआएको । | **भुँईमा मार्बल बिछ्याउने कार्य :**<br>• मसलाको मोटाइ<br>• मार्बल राख्ने विधि<br>• ध्यान दिनुपर्ने कुराहरु<br>• सुरक्षका उपाय |

**औजार तथा उपकरणः** मार्बल काटर, पिस्ने (ग्राइन्डर), कपडा, बाल्टी, पाइप लेभल, आइरन स्केल, सि क्लाम्प, काठको मुग्रो

**सुरक्षा तथा सावधानीः** मार्बल माथि काठको मुग्राले हिर्काउदा बिस्तारै हिर्काउने ।

## कार्य विश्लेषण

निर्दिष्ट कार्य: ४ भित्तामा मार्बल बिछ्याउने ।

समय १८ घण्टा
सैद्धान्तिक १ घण्टा
प्रयोगात्मक १७ घण्टा

| कार्य चरणहरु | अन्तिम कार्यसम्पादन उद्धेश्य | सम्बन्धित प्राविधिक ज्ञान |
|---|---|---|
